# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्याल

विराटचौक, मोरङ

प्रदेश नं. १, नेपाल

## सवारी साधन चल्न सक्ने विस्तारित सडकको अवलोकन प्रतिवेदन

आ.ब. २०७८/०७९

## १. नगर परिचय :

मोरङ जिल्लाको सदरमुकाम विराटनगर देखि करिब १४ किलोमिटरको दुरीमा अबस्थित सुन्दरहरैँचा नगरपालिकाको पूर्वमा बेलबारी नगरपालिका, पश्चिममा सुनसरी जिल्ला ईटहरी उपमहानगरपालीका, उत्तरमा केरावारी गाउँपालिका तथा दक्षिणमा ग्रामथाम गाउँपालिका र बुढिगगा गाउपालिकां पर्दछ । २०७३ साल फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णयले यस नगरपालिकाको गठन भएको हो । कुनै बेला हरैँचा मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भन्ने भनाई रहेको छ । सुन्दरदुलारी नगरपालिका र कोसीहरैँचा नगरपालिकालाई मिलाएर सुन्दरहरैँचा नगरपालिकाको गठन भएको हो I समथर भौगोलिक अबस्थिती ,उर्बरजमीन भूबनोट, सन्तुलित बाताबरण,अनुकुल हावा पानी आदिका कारण मोरङ जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरूमा बिकासका प्रचुर सम्भावना बोकेको नगरपालिकाको रूपमा यसलाई अवल नगरपालीकाको दृष्टिकोणबाट हेर्ने गरीन्छ । यसका अतिरिक्त सचेत राजनैतिक दल, श्रृजनसील नागरीक समाज र उत्प्रेरीत नगरवासी  दीगो विकास प्रेरणका भरपर्दा श्रोत रहेका छन् । १२ वटा वडामा बिभाजित यो नगरपालिका अर्धसहरी क्षेत्रको रूपमा रहेको  आर्थिक गतिविधीका लागि पुर्वाञ्चलका मुख्य बजार मध्येकै एक बजार क्षेत्रको रूपमा उदियमान सुन्दरहरैँचा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक रमणिय स्थल, सिमसार क्षेत्र ,आकर्षक र रमणिय वनक्षेत्र, धार्मिक तथा ऐतिहासिक तथा सामाजिक महत्व का क्षेत्रहरू रहेका छन् ।नगरमा औषत पारिवारीक आम्दानीमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो हिस्सा रहेको छ। नगरबासीको आम्दानीको अर्को मुख्य स्रोत व्यापार, कृषि तथा पशुपालन रहेको छ। परम्परागत कृषि व्यवसायको विकल्प खोजिरहेका नगरवासी आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढ्दोछ । नगरपालिका क्षेत्रभित्र रमणीय हसिना सिमसार, बुढिगंगाको किनारमा रहेको नयाँ वृन्द्रावन गौशाला,षेषनारायण, किचकगढी, बाघझोडा लयागत विभिन्न धार्मिक स्थल र अवलोकन गर्न लायक कृषि पशुपालन क्षेत्रले सबैलाई मनमोहक तुल्याउन सक्ने देखिन्छ। यस नगरक्षेत्र भएर बग्ने बुढीगंगा, गछिया, लोहन्द्रा खोला कटान र बाढिबाट हुने क्षति अभिषाप मात्र हैनकि नगरपालिकाको उर्बर कृषि क्षेत्रमा सिचाई सुबिधा उपलब्ध गर्न र नदिजन्य प्राकृतिक स्रोतको उपयोगबाट आन्तरीक आम्दानीको स्रोतवृद्धिका लागि प्रमुख आधार पनि हुन । यस नगरपालिकाको मध्यभागमा पर्ने विश्वविधालय क्षेत्र लगायतका स्थानहरू विकसित बजारमा परिणत हुदैं गएका छन् । विकासका प्रशस्त सम्भावनाहरू बोकेको यो नगरपालिका  पूर्ण खोप सुनिश्चित, खुला दिशामुक्त, पूर्ण साक्षर  घोषणा भई सकेको छ।  आधारभूत देखि माध्यमिक शिक्षा  प्रदान गर्न सामुदायिक तथा संस्थागत शिक्षण संस्थाहरुको उतिकै योगदान रहेकोछ । उच्चशिक्षा प्रदानको लागि शुकुना क्याम्पसको योगदान नगरलाई मात्रहैनकी यस क्षेत्रकै योगदानमा महत्व राख्दछ । यस  नगरका शैक्षिक संस्थाहरूमा अध्ययनका लागि स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी पालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् भने उत्पादित जनशक्ति समेत आशा र भरोशा योग्य छ। पर्यात स्रोत अभाबका कारण यस नगरपालिकामा आन्तरिक तथा बाह्य बसाइसराईको क्रम तिब्ररूपमा बढिरहेको हुदाँ व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकासा, बिधुत बिस्तार,संचार बिस्तार गर्न चुनौती रहेको छ। यस नगरमा साना ठूला गरी करिब एक दर्जन भन्दा बढी प्राकृतिक तालतलैया रहेको छन् । उपलब्ध जलवायुको आधारमा बसोबासको लागि तराईका अन्य नगरहरू भन्दा उपयुक्त मानिन्छ। ग्रामिण क्षेत्रमासमेत कच्चि धुले तथा

ग्राभेल सडकहरूमात्र भएपनि सडक सञ्जाल  विकास भइसकेको हुदा शिक्षा, स्वास्थ्य जस्ता नागरीकका आधारभूत सुविधाहरू  अन्य नगरहरूको दाँजोमा सुलभ रहेको पाईन्छ। नगरका सहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमासमेत न्यूनतम सहरी शुबिधाका शहर उन्मुख बस्ती तिब्ररूपमा बिकास भइरहेको छ। शान्त र मनोरम वातावरण १ नं. प्रदेशको राजधानी विराटनगर सडक संजलाको दृष्टिकोणले सहज पहुच लगातका कारणले यो नगरपालिका नागरीकहरूको बसोवासको आकर्षण केन्द्रको रूपमा विकास हुँदै गएको छ।

**२. सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र रहेका सडकका प्रकार**

| क्र.स. | रोडको प्रकार | लम्बाई(कि.मि.) |
|---|---|---|
| १ | हाईवे (Highway) | ११.६५ |
| २ | फिडर सडक  ( Feader Road) | २.४५ |
| ३ | जिल्ला सडक | ४.५६ |
| ४ | शहरी सडक ( UrbanRoad) | २४०.० |
| ५ | गाउँ सडक ( Village Road) | २६०.० |
| ६ | अन्य सडक (Other Road) | १६२.० |
| | जम्मा सडक | ६८०.६६ |

३. आ.ब. २०७८/०७९ मा भएको सडकको विस्तार (प्रगती विवरण)

| सि.नं. | विषय क्षेत्र | उप क्षेत्र | ईकाइ | हालसम्मको प्रगती | कैफियत |
|---|---|---|---|---|---|
| १. | सडक | कालोपत्रे | कि.मी. | ५.९५ | |
| | | ग्राभेल | कि.मी. | ४०.१४ | |
| | | पेवल्स | कि.मी. | ७.८९ | |
| | | एजिङ | कि.मी. | १८.९७ | |

**४.हालसम्म निर्माण भएको सडकको अवस्था**

| सि.नं. | कामको  विवरण | संख्या/वटा | (मिटरमा) | किलोमिटर |
|---|---|---|---|---|
| १ | कालोपत्रे/पेवल्स | ३३३ | १७४३५७ | १७४।३५७ |
| २ | एजिङ | २९९ | १५२१८० | १५२।१८ |
| ३ | पक्कि  ड्रेन | ४६ | १२५२९ | १२।५२९ |
| ४ | ग्राभेल/स्तरोन्नती | ३५४ | १६१४०४ | १६१।४०४ |

**५. अवलोकनको उद्धेश्य :**

- निर्माणाधिन सडकखण्डका विभिन्न स्थानहरुको विद्यमान अवस्थाको थाहा हुने ।
- सडकको अवस्थाका कारण स्थानीय बासिन्दा र सरोकारवालाहरुलाई परेको समस्याको जानकारी लिने ।
- सडकको विद्यमान अवस्था, निर्धारित गुणस्तर र सम्झौता बमोजिम निर्माण सम्पन्न हुन नसकेको भन्ने सन्दर्भमा सर्वपक्षिय अन्तरकृया गरी सुझाव लिने ।
- सडक निर्माणमा देखिएका समस्याहरु समाधान गर्न सम्वद्ध निकायहरुलाई उपयुक्त सुझाव तथा निर्देशन गर्ने ।

**६. अवलोकनबाट प्राप्त सुझावहरु :**

- कतिपय सडकहरु सुस्त गतिमा निर्माण भईरहेको ।
- गत वर्षको सडक निर्माणको अवस्था भन्दा यो वर्षमा केही सुधार भएको ।
- कही कतै पनि सडक निर्माण हुने स्थानमा स्थानीय वासीको अवरोध नभएको ।
- सडक निर्माणमा स्थानीय तहबाट गरिनुपर्ने नियमित अनुगमनमा कमजोरी रहेको ।
- काम नगर्ने ठेकेदार तथा उपभोक्ताहरुलाई नियमानुसारका कारवाहीको प्रकृया अघि नबढाईएको ।
- सडकका दायाँ बायाँ किनारामा रहेका नालीहरु सबै हिलो र माटोले पुरिएका अवस्थामा रहेको ।
- सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र अब बन्ने सडक आसफाल्ट प्रविधि उपयुक्त हुने ।
- पहिले ठेक्का पुरा नगर्ने निर्माण व्यवसायीलाई अर्को ठेक्का दिने प्रावधान राख्न नहुने ।
- घटाघट ठेक्का दिने परिपाटी उचित नभएको ।
- निर्माण व्यवसायीसँग काम गर्ने जनशक्ति र उपकरण कति परिमाण र संख्यामा हुनुपर्ने हो सो प्रष्ट नदेखिएको र साधनको कमि देखिएको ।
- सडक विस्तारका क्रममा जमिन कटिङ गर्दा एकातर्फ काट्ने र अर्कोतर्फ उठाउने कार्य भूगोलको प्रकृति अनुसार नभएको ।
- भएको ह्युमपाईप तथा कल्भर्टहरु पुरिनाले सडकमा पानी बग्ने गरेको
- काममा लापरवाही गरिरहेको निर्माण व्यवसायीसँगको ठेक्का रद्ध गरी नयाँ ठेक्का लगाउन उपयुक्त हुने ।
- सडक निर्माण हुने स्थानमा पोल रहेको तर विद्युत प्राधिकरणले समयमानै पोल नसारेका कारण समयमानै काम सक्न समस्या भएको ।
- धेरैवटा उपभोक्ता समितिले काम ठेकेदार मार्फत गराएको ।